REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 20.10.2025

Governor-Dipawali: Dilliram Dulal

राज्यपाल ओम प्रकाश माथुरले भारत-चीन सीमामा १३ हजार ४०० फिटको उचाइमा अवस्थित डोकलामा तैनाथ भारतीय सेनाका वीर सैनिकहरूसँग उज्यालोको पर्व दीपावाली मनाउनुभयो। उहाँले भन्नुभयो, हाम्रा सैनिकहरू आफ्नो घरबाट टाढा, सीमामा दृढतापूर्वक खडा छन्, देशको रक्षा गरिरहेका छन्, ताकि हामी हाम्रा घरहरूमा बत्ती बालेर शान्तिपूर्वक यो पर्व मनाउन सकौँ। उनीहरूको समर्पण र बलिदान हाम्रो दीपावलीको वास्तविक ज्योति हो। यसअघि, राज्यपालले सेरेथाङ हेलिप्याडमा पनि सैनिकहरूसँग दीपावली मनाउनुभयो। त्यसबाहेक, आज नै राज्यपालले जीवन्त गाउँ योजना अन्तर्गत नाथाङ जीपीयूको भ्रमण गरी दीपावलीको मिठाई वितरण गर्नुभयो र स्थानीयवासीसँग शुभकामना आदानप्रदान गर्नुभयो।

CM Dipawali Greetings: IPR

मुख्यमन्त्री प्रेमसिंह तामाङले लक्ष्मी पूजा तथा दीपावलीको शुभ अवसरमा सिक्किमवासीलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले आफ्नो सन्देशमा दियाको ज्योतिले हाम्रा पहाड र उपत्यकाहरूमा उज्यालो छर्दै जाँदा, हामी दीपावलीको वास्तविक सारलाई अँगाल्न, अन्धकारलाई भलाइको प्रकाशले हटाउन, सद्भावको बन्धनलाई बलियो बनाउन र आपसी एकता बढाउन सक्छौँ भन्नुभयो। उहाँले थप भन्नुभयो, "दीपावलीको दिव्य प्रकाशमा हाम्रो राज्य शक्ति, सद्भाव र दिगो समृद्धिले भरिपूर्ण होस्।"

Dipawali-Laxmi Puja: Desk

आज देशभरि दीपावली तथा हिन्दूहरूको महत्त्वपूर्ण चाढ लक्ष्मी पूजा श्रद्धा र हर्षोल्लासपूर्वक मानइँदै छ। सिक्किममा पनि गान्तोक लगायत राज्यका विभिन्न भागमा रङ्गी-विरङ्गी बत्तीहरूको यो चाढ दीपावाली उल्लासका साथ मनाइँदै छ अनि वैभव र समृद्धिकी देवी लक्ष्मीको पूजा-अर्चना गरिँदै छ। गान्तोक बजारमा मूल सडकका दुवैतर्फका दोकानहरू फुल माला र रङ्गीन बत्तीहरूद्वारा सजाइएका छन्। आफ्नो सुख- समृद्धिका निम्ति देवी लक्ष्मीको आशिर्वाद लिन मानिसहरू आज बिहानैदेखि आ-आफ्नो घरको सरसफाई गरी सयपत्री फूलको माला, दियो र पालाहरूले घर सजाउन व्यस्त छन्। राज्यका बजार क्षेत्र र गाउँबस्तीहरूमा अहिले साँझदेखि भैलेनीको सुमधुर धुन घर-घरमा गुञ्जिन थालेको छ। असत्यमाथि सत्यको विजयको प्रतीक दीपावाली पर्व पौराणिक कथासँग पनि सम्बद्ध छ। रामले रावणमाथि विजय हासिल गरी आजकै साँझ अयोध्या आइपुग्नुहुँदा, पराक्रमी रामको स्वागतार्थ मानिसहरूले दीयो बालेर अभिनन्दन गरेका थिए। त्यसरी नै दानी राजा बलिराजको आकाङ्क्षा र निवेदन अनुरूप भगवान विष्णुले बलिराजको दानको महिमा संसारमा दीयो बालेर लक्ष्मी पूजाको साँझ गरियोस् भन्नुभएको हुनाले पनि यो तिहार बत्तीको पर्वका रूपमा मनाइन्छ।

Balihang Tongnam: Wangchuk Bhutia

माङशिला सिरिजङ्गा युमा माङ्घहिम समितिद्वारा आयोजित माङशिला माङ्घहिममा बलिहाङ टोङनाम महोत्सव आज सम्पन्न गरियो। कार्यक्रममा बलिहाङ टोङनाम उत्सव समितिका अध्यक्ष राज लिम्बूले महोत्सवको महत्त्वमाथि प्रकाश पार्नुभयो। त्यसैगरी माङशिलाका जिल्ला पञ्चायत श्रीमती अमृता लिम्बूले कार्यक्रमको सफलतामा योगदान पुऱ्याउने सबैप्रति आभार व्यक्त गर्नुभयो। कार्यक्रममा वनमन्त्री तथा जङ्गुका विधायक पिन्सो नामग्याल लेप्चा उपस्थित हुनुहुन्थ्यो। मन्त्रीले आफ्नो सम्बोधनमा बलिहाङ टोङनाम र दीपावलीका अवसरमा सबै जनसाधारणप्रति शुभकामना व्यक्त गर्दै, मानिसहरूलाई आफ्नो परम्पराको संरक्षण गर्न र जीवित राख्न आग्रह गर्नुभयो।

Weather: MO

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टाभित्र गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 23.8 डिग्री सेल्सियस र न्यूनतम तापमन 13.5 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 23 डिग्री सेल्सियस र न्यूनतम तापमान 13 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।